# राष्ट्रपति उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७१
# (दोश्रो संशोधन २०७५)

## १. पृष्ठभूमि

नेपालको भौगोलिक परिवेशले उपलब्ध गराएको अवसर र आधुनिक कृषि प्रविधिहरुको उपयोग गरी व्यावसायिक कृषिको माध्यमबाट दीगो आर्थिक वृद्धि तथा खाद्य सूरक्षा सुनिश्चित गर्न सकिने सम्भावना रहेको छ । कृषि भूमिको अवैज्ञानिक प्रयोग, निर्वाहमुखी कृषि प्रणाली र गैह्र कृषि क्षेत्रको तुलनामा कृषि क्षेत्रको न्यून आम्दानीका कारण कृषि क्षेत्र आकर्षक र सम्मानित हुन सकेको छैन । यसै कारण लाखौं युवाहरु कृषिबाट पलायन भई वैदेशिक रोजगारमा जान बाध्य भएका छन् भने शिक्षित युवाहरुलाई समेत यस क्षेत्रमा संलग्न गराउन चुनौतीपूर्ण छ । कृषि क्षेत्रलाई उत्पादन, आम्दानी र रोजगारको माध्यमबाट आकर्षक क्षेत्रको रुपमा विकास गर्न एकातिर शिक्षित युवाहरुलाई कृषि पेशामा आकर्षित गरी देश भित्रै स्वरोजगार श्रृजना गर्नुपर्ने जरुरी छ भने अर्कोतिर कृषि पेशामा संलग्न भएका व्यवसायिक र अर्ध व्यवसायिक कृषकहरुलाई थप प्रोत्साहन गरी कृषि पेशालाई सम्मानित र व्यवसायिक बनाउनु पर्ने आवश्यकता छ । यसै परिप्रेक्ष्यमा नेपाल सरकारले आर्थिक बर्ष २०७०/७१ देखी नै प्रारम्भ गरेको उत्कृष्ट कृषकहरुलाई प्रोत्साहित गर्न **राष्ट्रपति उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम कार्यान्वयन कार्यबिधि, २०७१** स्वीकृत गरी कार्यक्रम संचालन गरिदै आएको छ । यस कार्यविधिमा समय सापेक्ष संशोधन एवं परिमार्जन गर्न आवश्यक भएकोले यो कार्यबिधि परिमार्जन गरि लागु गरिएको छ ।

**खण्ड क**

प्रारम्भिक

**२. संक्षिप्त नाम र प्रारम्भ :**

(क) यो कार्यविधिको नाम "राष्ट्रपति उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७१" रहेको छ ।

(ख) यो कार्यविधि नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ ।

**३. उद्देश्यहरु :** यस कार्यक्रमका उद्देश्यहरु देहाय बमोजिम रहेको छन् ।

(क) कृषकको योगदानलाई सम्मान गर्ने ।

(ख) कृषि पेशालाई समाजको आकर्षक एवं सम्मानित पेशाको रुपमा स्थापित गर्न सहयोग पुऱ्याउने ।

(ग) कृषकहरुको मनोबल उच्च राख्न सहयोग पुऱ्याउने ।

(घ) कृषक समुदायमा स्वस्थ्य प्रतिस्पर्धाको भावना विकास गरी कृषि पेशालाई व्यवसायिक वनाउन सहयोग पुऱ्याउने ।

(ङ) शिक्षित युवालाई कृषि पेशा तर्फ आकर्षित एवं नविन प्रविधि अनुशरण गर्न उत्पेरणा बढाउने।

**४. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) **"कार्यक्रम"** भन्नाले राष्ट्रपति उत्कृष्ट कृषक पुरस्कार कार्यक्रमलाई सम्झनु पर्दछ ।

(ख) **"राष्ट्रपति उत्कृष्ट कृषक पुरस्कारको लागि कृषकको न्यूनतम योग्यता"** भन्नाले यसै कार्यविधिको अनुसूची १ मा उल्लेख भएको राष्ट्रपति उत्कृष्ट कृषक पुरस्कार कार्यक्रममा सहभागिताका लागि न्यूनतम मापदण्ड जनाउँदछ ।

(ग) **"जिल्ला समिति"** भन्नाले जिल्ला कृषि विकास समन्वय समिति दफा ५ (ख) १ लाई जनाउँदछ ।

(घ) **"प्रादेशीक समिति"** भन्नाले प्रदेश स्तरमा भुमि ब्यवस्था, कृषि तथा सहकारी मन्त्रालयमा रहेको दफा ५ (घ) १ बमोजिमको समितिलाई जनाउँदछ ।

(ङ) **"केन्द्रिय समिति"** भन्नाले कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा रहेको समितिलाई जनाउँदछ ।

(च) **"जिल्ला समितिको सचिवालय"** भन्नाले कृषि ज्ञान केन्द्रलाई जनाउँदछ । यदी केन्द्रले एक भन्दा बढि जिल्ला समेट्नु पर्दा प्रत्येक जिल्ला अनुसार समिति र सचिवालय फरक रहनेछ । कृषि ज्ञान केन्द्र नरहेको हकमा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रलाई जनाउँछ ।

(छ) **"प्रादेशीक समितिको सचिवालय"** भन्नाले प्रदेश स्तरमा रहेको कृषि बिकास निर्देशनालयलाई जनाउँदछ ।

(ज) **"केन्द्रिय समितिको सचिवालय"** भन्नाले कृषि तथा पशुपन्छी ब्यवसाय प्रबर्द्धन महाशाखा, कृषि तथा पशुपन्छी विकास मन्त्रालयलाई जनाउँदछ ।

(झ) **"सम्बन्धित कार्यालय"** भन्नाले कृषि ज्ञान केन्द्र वा भेटेरीनरी अस्पताल तथा पशु सेवा बिज्ञ केन्द्रलाई जनाउँदछ ।

(ञ) **"विभाग"** भन्नाले कृषि विभाग/पशु सेवा विभाग जनाउँदछ ।

(ट) **"मन्त्रालय"** भन्नाले कृषि तथा पशुपन्छी विकास मन्त्रालयलाई जनाउँदछ ।

## खण्ड ख

## उत्कृष्ट कृषक छनौट, पुरस्कार एवं सम्मानको व्यवस्था

**५. उत्कृष्ट कृषक छनौट विधिः** यस कार्यक्रम अन्तर्गत उत्कृष्ट कृषकको छनौट देहाय बमोजिमको विधि अनुसार हुनेछ ।

**(क) सूचना प्रवाहः**

१. राष्ट्रपति उत्कृष्ट कृषक पुरस्कार कार्यक्रममा सहभागी हुन केन्द्रमा मन्त्रालय बाट राष्ट्रियस्तरको पत्रिकामा र सम्बन्धित जिल्लाका जिल्ला कृषि विकास समन्वय समिति सचिवालयबाट श्रावण महिनाको पहिलो हप्ता भित्र स्थानिय पत्रिका तथा एफएमबाट ३० दिनको सार्वजनिक सूचना प्रकाशन गरी कृषकहरुबाट निवेदन आह्वान गर्नेछ । सो सम्बन्धीको जानकारी सचिवालयले सबै स्थानीय तहमा पत्राचार गरि जानकारी पठाउनु पर्नेछ ।

* आ.व.२०७५/०७६ को हकमा भने परिमार्जित निर्देशिका स्वीकृत भएको १५ दिनभित्र निबेदन आब्हान गरिनेछ ।

२. जिल्ला कृषि विकास समन्वय समितिबाट जारी गर्ने सार्वजनिक सूचनामा कार्यक्रममा सहभागी हुने कृषकको न्यूनतम मापदण्ड (योग्यता), निवेदन पाउने र दर्ता गर्ने कार्यालय, निवेदन दर्ता गर्ने अन्तिम मिति बारे स्पष्ट उल्लेख गरिनेछ । संम्बन्धित स्थानिय तहमा निवेदन दर्ता गर्न सकिने व्यवस्था मिलाईनेछ।

३. जिल्ला कृषि विकास समन्वय समितिले आह्वान गरेको कार्यक्रमको सूचना वारे मातहतका निकायहरुमा उपयुक्त संचार माध्यम मार्फत प्रचार प्रसार गरिनेछ ।

४. कृषकलाई यस कार्यक्रमको लागि निवेदन फारम उपलब्ध गराउने दायित्व कृषि ज्ञान केन्द्र वा भेटेरीनरी अस्पताल तथा पशु सेवा बिज्ञ केन्द्र र नगरपालिका/गा. पा. अर्न्तगत कृषि तथा पशु सेवा शाखाहरुको हुनेछ ।

५. यस कार्यक्रममा सहभागी हुने कृषकहरुले तोकिएको मिति भित्र निवेदन फारम सम्बन्धित कार्यालय वा कृषि ज्ञान केन्द्र वा भेटेरीनरी अस्पताल तथा पशु सेवा बिज्ञ केन्द्र तथा सम्बन्धित स्थानिया तहमा दर्ता गर्नु पर्नेछ । यसरी निबेदन दर्ता गर्दा सचिवालय वाहेकका कार्यालयमा दर्ता गर्दा सूचना प्रकाशन भएको २५ औं दिनभित्र र ३० औं दिन सम्म सचिवालय रहेको कार्यालयमा दर्ता गर्नु पर्नेछ । सचिवालय वाहेकका कार्यालयले दर्ता गर्दा आबेदकको लिष्ट र निबेदन अन्तिम दिन भित्रै सचिवालय रहेको कार्यालयमा पठाउनु पर्नेछ ।

६. सम्बन्धित कार्यालय वा कृषि ज्ञान केन्द्र वा भेटेरीनरी अस्पताल तथा पशु सेवा बिज्ञ केन्द्रले सिफारिस सहित कृषकको निवेदन फारम तोकिएको मिति भित्र जिल्ला कृषि विकास समन्वय समितिको सचिवालयमा पेश गर्नु पर्नेछ । तोकिएको मिति भित्र प्राप्त नभएको निवेदन फारम यस कार्यक्रममा समावेश गरिने छैन् ।

**(ख) जिल्लास्तरमा निवेदन संकलन एवं मूल्याङ्कन विधिः**

१. जिल्लास्तरमा कार्यक्रम कार्यन्वयन व्यवस्थापन गर्न देहाय बमोजिमको पदाधिकारी रहेको जिल्ला कृषि विकास समन्वय समिति रहने छ ।

क) संयोजक – जिल्ला समन्बय समितिको सभापती वा नीजले तोकेको समितिको सदस्य ।

ख) सदस्य – प्रमुख, भेटेरीनरी अस्पातल तथा पशु सेवा बिज्ञ केन्द्र ।

ग) सदस्य – प्रमुख, जिल्ला स्थित सुपरजोन वा नजिकको जोन ।

घ) सदस्य –जिल्ला समन्वय समितिको अधिकृत प्रतिनीधी ।

ङ) सदस्य – प्रमुख, कृषि/पशु फार्म (संभवाना भएमा) ।

च) सदस्य – जिल्लास्थित न.पा./गा.पा.मा अर्न्तगत कृषि शाखामा कार्यरत एक जना अधिकृत ।

छ) सदस्य सचिव – प्रमुख, कृषि ज्ञान केन्द्र ।

२. दफा ५ को (ख) १ बमोजिमको समितिको बैठक आवश्यकता अनुसार बस्ने छ ।

३. दफा ५ को (ख) १ बमोजिमको समितिको बैठकमा सम्बन्धित बिज्ञलाई आमन्त्रण गर्न सकिने छ ।

४. कृषकले पेश गरको निवेदन फारम संकलन गर्ने तथा मूल्याङ्कनको लागि जिल्ला कृषि विकास समन्वय समितिमा पेश गर्ने दायित्व सम्बन्धित कार्यालयको हुनेछ ।

५. जिल्ला कृषि विकास समन्वय समितिले कृषकहरुबाट पेश भएका निवेदन फारमहरुको मूल्याङ्कनको लागि देहाय बमोजिमको कार्यालयका प्रतिनिधिहरु रहने गरि ३ सदस्यीय एक **प्राविधिक उप–समिति** गठन गरिनेछ ।

| | | |
|---|---|---|
| (क) | अधिकृत, जिल्ला समन्वय समिति | संयोजक |
| (ख) | अधिकृत, भेटेरीनरी अस्पताल तथा पशु सेवा बिज्ञ केन्द्र | सदस्य |
| (ग) | अधिकृत, कृषि ज्ञान केन्द्र | सदस्य सचिव |

६. प्राविधिक उप–समितिले मूल्याङ्कन प्रतिबेदन भाद्र मसान्त भित्र जिल्ला कृषि समन्वय समितिमा पेश गर्नेछ ।

७. प्राविधिक उप–समितिको काम, कर्तव्य र अधिकार जिल्ला कृषि विकास समन्वय समितिले तोके बमोजिम हुनेछ ।

८. जिल्ला कृषि विकास समन्वय समिति वा प्राविधिक उप–समितिले कृषकबाट पेश भएको विवरण रुजू गर्न स्थलगत निरिक्षण समेत गर्नेछ ।

९. जिल्ला स्तरको प्राविधिक उप–समितिले कृषकहरुको निवेदन फारम यसै कार्यविधिको अनुसूची ४ मा उल्लेखित मूल्याङ्कन मापदण्डका आधारमा मूल्याङ्कन गर्नेछ ।

**(ग) जिल्ला स्तरीय उत्कृष्ट कृषक घोषणा एवं पुरस्कार वितरणः**

१. प्राविधिक उप समितिको मूल्याङ्कन प्रतिवेदनको आधारमा जिल्ला कृषि विकास समन्वय समितिले ३ जना कृषकहरुलाई जिल्लाको उत्कृष्ट कृषक घोषणा गर्नेछ ।

२. जिल्लाका उत्कृष्ट कृषकहरुलाई पुरस्कार एवं सम्मान गर्न आवश्यक पर्ने बजेट रकम जिल्ला कृषि विकास समन्वय समितिको सचिवालयले आफ्नो बार्षिक बजेट तथा कार्यक्रममा समावेश गरी व्यवस्था गर्नु पर्नेछ ।

३.  जिल्लास कृषि विकास समन्वय मितिको सचिवालयबाट विश्व खाद्य दिवसको अवसरमा उत्कृष्ट कृषकहरुलाई पुरस्कार एवं सम्मान गर्ने कार्यक्रम आयोजना गरिने छ ।

४.  जिल्ला कृषि विकास समन्वय समितिको सचिवालयबाट प्रदान गरिने पुरस्कारको राशि सम्बधित प्रदेशको भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयबाट तोकिए बमोजिम हुनेछ । उत्कृष्ट कृषकलाई नगद र प्रमाण–पत्र सहित सम्मान गर्नेछ ।

५.  जिल्ला स्तरमा पुरस्कृत एवं सम्मानित उत्कृष्ट कृषकहरुलाई राष्ट्रपती उत्कृष्ट कृषक पुरस्कार एवं सम्मानको लागि जिल्ला कृषि विकास समन्वय समितिले सिफारिससाथ सम्पूर्ण विवरणहरु "प्रादेशीक समितिको सचिवालय" मा पठाउनु पर्नेछ ।

६.  एक पटक राष्ट्रिय स्तरको सर्बोत्कृष्ट पुरष्कार पाई सकेको व्यक्तिलाई ५ बर्ष सम्म यस कार्यक्रममा समावेश गराउन पाइने छैन र उत्कृष्ट पुरष्कार मात्र पाएका व्यक्ति भने सर्बोत्कृष्ट पुरष्कारको लागि सहभागि हुन पाउने छन । तर यस्ता व्यक्तिलाई दोश्रो बर्ष पनि वा दोहोरिने गरि जिल्लास्तरको पुरष्कार रछ ागने दिइने छैन । यस्ता उत्कृष्ट व्यक्तिको सर्बोत्कृष्ट पुरष्कारको चाहना राखि निबेदन राखेमा निजले कुन सालमा उत्कृष्ट पुरष्कार पाएको हो सो को प्रमाण सहित प्रादेशीक स्तरमा सिफारिस गरि पठाउन भने सकिने छ ।

**(घ) प्रदेश स्तरमा निवेदन संकलन एवं मूल्याङ्कन विधिः**

१.  प्रदेशस्तरमा कार्यक्रम कार्यन्वयन ब्यवस्थापन गर्न देहाय बमोजिमको पदाधिकारी रहेको प्रादेशीक समिति रहने छ ।

क) संयोजक – सचिव, भुमी ब्यवस्था, कृषि तथा सहकारी मन्त्रालय ।
ख) सदस्य – प्रमुख, पशुपन्छी तथा मस्य बिकास निर्देशनालय ।
ग) सदस्य – बरिष्ठ बैज्ञानीक, नेपाल कृषि अनुसन्धान परिषद् (सम्बन्धीत क्षेत्रिय कार्यालय )
घ) सदस्य – प्रमुख, सम्बन्धित प्रदेशमा रहेका फार्म केन्द्र ।
ङ) सदस्य सचिव– प्रमुख, कृषि बिकास निर्देशनालय ।

२.  दफा ५ को (घ) १ बमोजिमको समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

३.  दफा ५ को (घ) १ बमोजिमको समितिको बैठकमा सम्बन्धित बिज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

४.  प्रादेशीक समितिको सचिवालयमा जिल्ला कृषि विकास समन्वय समितिले सिफारिस साथ पेश गरेका जिल्ला स्तरका उत्कृष्ट कृषकहरुको निवेदन फारम मात्र संकलन गरिनेछ ।

५. प्रादेशीक मातहतका विभिन्न जिल्लाबाट राष्ट्रपति उत्कृष्ट कृषक पुरस्कार एवं सम्मानको लागि जिल्ला स्तरका उत्कृष्ट कृषकहरुको निवेदन फारम संकलन एवं प्रादेशीक समितिमा पेश गर्ने दायित्व प्रादेशीक सचिवालयको हुनेछ ।

६. प्रादेशीक समितिले विभिन्न जिल्लाका उत्कृष्ट कृषकहरुको निवेदन फारमहरुको मूल्याङ्कनको लागि देहाय बमोजिमको कार्यालयका प्रतिनिधिहरु रहने गरि एक प्राविधिक उप–समिति गठन गर्नेछ ।

(क) प्रमुख, सम्बन्धित प्रदेश स्तरमा रहेको कृषि बिकास निर्देशनालय – संयोजक

(ख) प्रतिनिधि उप सचिव स्तर, पशुपन्छी तथा मस्य बिकास निर्देशनालय – सदस्य

(ग) प्रतिनिधि, वरिष्ठ वैज्ञानिक, नेपाल कृषि अनुसन्धान परिषद, सम्बन्धित क्षेत्रीय कार्यालय – सदस्य

७. प्रदेश स्तरको प्राविधिक उप–समितिले कृषकहरुको निवेदन फारम यसै कार्यविधिको अनुसूची ४ मा उल्लेखित मूल्याङ्कन मापदण्डका आधारमा मूल्याङ्कन गर्नेछ । प्राविधिक उप–समितिले मूल्याङ्कन प्रतिबेदन प्रादेशीक समितिमा मंसीर मसान्त भित्र पेश गरि सक्नु पर्नेछ ।

८. प्राविधिक उप–समितिले कृषकबाट पेश भएको विवरण रुजू गर्न स्थलगत निरिक्षण समेत गर्न सक्नेछ

**(ङ) प्रदेश स्तर उत्कृष्ट कृषक घोषणा एवं पुरस्कार वितरणः**

१. प्राविधिक उप–समितिको प्रतिवेदनको आधारमा प्रादेशीक समितिले ५ जना कृषकहरुलाई उत्कृष्ट कृषक घोषणा गर्नेछ ।

२. प्रदेश स्तरका उत्कृष्ट कृषकहरुलाई पुरस्कार एवं सम्मान गर्न आवश्यक पर्ने बजेट प्रादेशीक समितिको सचिवालयले बार्षिक बजेट तथा कार्यक्रममा समावेश गरी व्यवस्था गर्नु पर्नेछ ।

३. प्रादेशीक समितिको सचिवालयबाट बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गोष्ठीको अवसरमा उत्कृष्ट कृषकहरुलाई पुरस्कार एवं सम्मान गर्ने कार्यक्रम आयोजना गरिने छ ।

४. प्रादेशीक समितिको सचिवालयले पुरस्कारको राशि प्रादेशिक भुमि ब्यवस्था, कृषि तथा सहकारी मन्त्रालयबाट तोकिए बमोजिम हुनेछ । उत्कृष्ट कृषकलाई नगद र प्रमाण–पत्र सहित सम्मान गर्नेछ ।

५. प्रदेश स्तरमा पुरस्कृत एवं सम्मानित उत्कृष्ट कृषकहरुलाई राष्ट्रपति उत्कृष्ट कृषक पुरस्कार एवं सम्मानको लागि प्रादेशीक समितिले सम्पूर्ण आवश्यक कागजात सहित सिफारिस साथ केन्द्रिय समितिको सचिवालयमा बैशाख मसान्त भित्र पठाउनु पर्ने छ ।

६. एक पटक राष्ट्रिय स्तरको सर्बोत्कृष्ट पुरष्कार पाई सकेको व्यक्तिलाई ५ बर्ष सम्म यस कार्यक्रममा पुरष्कारमा सहभागि नराउने र उत्कृष्ट पुरष्कार मात्र पाएका व्यक्ति भने सर्बोत्कृष्ट पुरष्कारको लागि जिल्ला कृषि समन्वय समितिको सिफारिस अनुसार सहभागि हुन पाउने छन । तर यस्ता व्यक्तिलाई दोश्रो बर्ष पनि वा दोहोरिने गरि प्रदेश स्तरको पुरष्कार रट ागने दिइने छैन । यस्ता उत्कृष्ट व्यक्तिको

सर्बोत्कृष्ट पुरष्कारको चाहना राखी निबेदन राखेर जिल्ला कृषि विकास समन्वय समितिको सिफारिस भइ आएमा निजले कुन सालमा उत्कृष्ट पुरष्कार पाएको हो सो को प्रमाण सहित मन्त्रालयमा सिफारिस गरि पठाउन भने सकिने छ ।

**(च) केन्द्रिय स्तरमा निवेदन संकलन एवं मूल्याङ्कन विधिः**

१. केन्द्रिय समितिको सचिवालयमा प्रदेश स्तरका उत्कृष्ट कृषकहरुको निवेदन फारम मात्र संकलन गरिनेछ ।

२. प्रादेशीक समितिबाट राष्ट्रपति उत्कृष्ट कृषक पुरस्कार एवं सम्मानको लागि सिफारिस साथ प्राप्त निवेदन फारम केन्द्रिय समितिमा पेश गर्ने दायित्व कृषि तथा पशुपन्छी ब्यवसाय प्रबर्द्धन महाशाखा, कृषि तथा पशुपन्छी विकास मन्त्रालयको हुनेछ ।

३. केन्द्रिय समितिले प्रादेशीक समितिको सिफारिस साथ पेश भएको उत्कृष्ट कृषकहरुको निवेदन फारमहरुको मूल्याङ्कनको लागि देहाय बमोजिमको कार्यालयका प्रतिनिधिहरु रहने गरि एक प्राविधिक उप–समिति गठन गर्न सक्ने छ ।

(क) संयोजक –सह–सचिव, कृषि तथा पशुपन्छी ब्यवसाय प्रबर्द्धन महाशाखा, कृषि तथा पशुपन्छी विकास मन्त्रालय ।

(ख) सदस्य –उप–महानिर्देशक (अनुगमन), कृषि विभाग ।

ग) सदस्य –उप–महानिर्देशक (प्रशासन), पशु सेवा विभाग ।

(घ) सदस्य –उप–महानिर्देशक, खाद्य प्रबिधि तथा गुण नियन्त्रण विभाग ।

(ङ) सदस्य– निर्देशक (योजना तथा समन्वय), नेपाल कृषि अनुसन्धान परिषद् ।

(च) सदस्य– कार्यकारी निर्देशक, कृषि उद्यम केन्द्र ।

(छ) सदस्य - प्रमुख, आर्थिक प्रशासन शाखा, कृषि तथा पशुपन्छी बिकास मन्त्रालय ।

(ज) सदस्य - आवश्यक ठानिएका मूल्यांकन कार्यमा संलग्न अधिकृत ।

(झ) सदस्य–सचिव, वरिष्ठ कृषि अर्थ विज्ञ, कृषि ब्यवसाय तथा बजार प्रबर्द्धन शाखा, कृषि तथा पशुपन्छी विकास मन्त्रालय ।

४. केन्द्रिय स्तरको प्राविधिक उप–समितिले कृषकहरुको निवेदन फारम यसै कार्यविधिको अनुसूची ४ मा उल्लेखित मूल्याङ्कन मापदण्डका आधारमा मूल्याङ्कन गर्नेछ । प्राविधिक उप–समितिले मूल्याङ्कन प्रतिवेदन केन्द्रिय समितिमा बैशाख मसान्त भित्र पेश गरि सक्नु पर्नेछ ।

५. प्राविधिक उप–समितिले कृषकबाट पेश भएको विवरण रुजू गर्न स्थलगत निरिक्षण समेत गर्न सक्नेछ ।

६. केन्द्रीय समिति गठन – प्राबिधिक उप समितिले मुल्यांकनको आधारमा छनौट गरेका उत्कृष्ट कृषकहरुको मनोनयन स्विकृत गर्न र पुनरावलोकनको लागी मन्त्रालयमा तपशिल अनुसारको केन्द्रीय समिति गठन हुनेछ ।

संयोजक – सचिव, कृषि तथा पशुपन्छी बिकास मन्त्रालय ।

सदस्य – प्रमुख, योजना तथा बिकास सहायता समन्वय महाशाखा, कृषि तथा पशुपन्छी बिकास मन्त्रालय ।

सदस्य – प्रमुख, कृषि बिकास महाशाखा, कृषि तथा पशुपन्छी बिकास मन्त्रालय ।

सदस्य – प्रमुख, खाद्य सुरक्षा तथा खाद्य प्रबिधि महाशाखा, कृषि तथा पशुपन्छी बिकास मन्त्रालय ।

सदस्य – प्रमुख, पशुपन्छी तथा मस्य बिकास महाशाखा, कृषि तथा पशुपन्छी बिकास मन्त्रालय ।

सदस्य – प्रमुख, प्रशासन महाशाखा, कृषि तथा पशुपन्छी बिकास मन्त्रालय ।

सदस्य – प्रमुख, कृषि तथा पशुपन्छी ब्यवसाय प्रबर्द्धन महाशाखा, कृषि तथा पशुपन्छी बिकास मन्त्रालय ।

सदस्य – प्रमुख, पशुस्वास्थ्य महाशाखा, कृषि तथा पशुपन्छी बिकास मन्त्रालय ।

सदस्य – सचिव, शाखा प्रमुख, कृषि ब्यवसाय तथा बजार प्रबर्द्धन शाखा, कृषि तथा पशुपन्छी बिकास मन्त्रालय ।

**(छ) राष्ट्रपति उत्कृष्ट कृषक घोषण एवं पुरस्कार :**

१. प्राविधिक उप–समितिको प्रतिवेदनको आधारमा केन्द्रिय समितिले एक जना कृषकलाई राष्ट्रिय स्तरको सर्वोत्कृष्ट र छ जना कृषकहरुलाई उत्कृष्ट कृषक छनौट गरी केन्द्रिय समितिमा सिफारिश गर्नेछ ।

२. केन्द्रिय समितिले निर्णय गरी सर्बोत्कृष्ट र उत्कृष्ट कृषकहरुको नामावली राष्ट्रपति उत्कृष्ट कृषक पुरस्कार एवं सम्मानको लागि कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा पठाउने छ ।

३. मन्त्रालयले राष्ट्रपति उत्कृष्ट कृषक पुरस्कारबाट सम्मानित हुने कृषकहरुलाई जानकारी गराई पुरस्कार बितरण एवं सम्मान समारोहमा उपस्थितीका लागि आमन्त्रणको व्यवस्था गर्नेछ ।

४. राष्ट्रिय स्तरको सर्वोत्कृष्ट र उत्कृष्ट कृषकहरुलाई पुरस्कार एवं सम्मान गर्न आवश्यक पर्ने बजेट रकम कृषि तथा पशुपन्छी विकास मन्त्रालयले बार्षिक बजेट तथा कार्यक्रममा समावेश गरी व्यवस्था गर्ने छ ।

५. कृषि तथा पशुपन्छी विकास मन्त्रालयले प्रत्येक बर्षको असार १५ गते राष्ट्रपति सर्वोत्कृष्ट र उत्कृष्ट कृषकहरुलाई पुरस्कार एवं सम्मान गर्ने कार्यक्रम आयोजना गरिने छ ।

६. मन्त्रालयले सर्वोत्कृष्ट एक जना कृषकलाई रु. ४,००,०००।– (अक्षेरेपी रु. चार लाख मात्र) नगद र प्रमाण पत्र र उत्कृष्ट कृषकलाई जनही रु. २,५०,०००।– (अक्षेरेपी रु. दुई लाख पचास हजार मात्र) नगद पुरस्कार र प्रमाण पत्र सहित सम्मान गर्नेछ ।

७. राष्ट्रिय स्तरको पुरस्कारको लागि एक पटक सर्बोत्कृष्ट पुरस्कार पाई सकेको व्यक्तिलाई दोश्रो पटक समाबेस गराईने छैन तर उत्कृष्ट पुरष्कार मात्र पाएका व्यक्ति भने प्रादेशीक समितिको सिफारिस अनुसार सर्वोत्कृष्ट पुरस्कार को लागि सहभागि हुन पाउने तर पुनः उत्कृष्ट पुरस्कार भने दोहोरिने गरि दिइने छैन ।

(ज) प्राविधिक उप–समितिको बैठकका लागि बैठक भत्ता र खाजा खर्च सम्बन्धित कार्यालयले व्यवस्ढ ागर्नेछ ।

## खण्ड ग

## कार्यक्रम व्यवस्थापन, अनुगमन, निरिक्षणको व्यवस्था

### ६. कार्यक्रम व्यवस्थापन, अनुगमन, निरिक्षण तथा सिफारिस सम्बन्धी व्यवस्थाहरु :

(क) राष्ट्रपति उत्कृष्ट कृषक पुरस्कार कार्यक्रममा सहभागी हुन कृषकले निवेदन फारममा उल्लेख गरेको विवरण सम्बन्धी स्थलगत निरिक्षण एवं कृषकको निवेदन फारम टिप्पणी सहितको सिफारिस गर्ने कार्य सम्बन्धित कार्यालय वा कृषि ज्ञान केन्द्र वा भेटेरीनरी अस्पताल तथा पशु सेवा बिज्ञ केन्द्रको हुनेछ ।

(ख) कृषकले पेश गरेको निवेदन फारममा उल्लेख भएको विवरण रुजू गर्न स्थलगत निरिक्षण एवं अनुगमन गर्ने कार्य जिल्ला स्थित सम्बन्धित कार्यालय र जिल्ला कृषि विकास समन्वय विकास समितिको हुनेछ ।

(ग) यस कार्यक्रम सम्बन्धी स्थलगत निरिक्षण एवं अनुगमन गर्ने कार्य जिल्ला कृषि विकास समन्वय समिति, प्रादेशीक समिति, केन्द्रिय समिति र मन्त्रालयबाट हुनेछ ।

### ७. विविधः

(क) मन्त्रालयको कृषि तथा पशुपन्छी व्यवसाय प्रबर्द्धन महाशाखाले राष्ट्रपति उत्कृष्ट कृषक पुरस्कार सम्बन्धी कार्यहरुको समन्वय गर्नेछ ।

(ख) यस कार्यविधिमा उल्लेख भएका विषयवस्तुका सम्बन्धमा कुनै अस्पष्टता भएमा सो को व्याख्या मन्त्रालयले निर्णय गरे बमोजिम हुनेछ ।

## अनुसूची १

**राष्ट्रपति उत्कृष्ट कृषक पुरस्कार कार्यक्रममा सहभागिताका लागि न्यूनतम मापदण्ड (तल तालिकामा उल्लेख भएको मध्ये कुनै एक खेती वा पशुपन्छीपालन भए पनि हुने)**

| क्र.सं. | बालीको नाम | क्षेत्रफल/संख्या (न्यूनतम) | कैफियत |
|---|---|---|---|
| १ | अन्नवाली तथा दलहन तेलहन बाली | तराईमा १५ कट्ठा र पहाडमा १० रोपनी | |
| २ | तरकारी वाली, पुष्प तथा मसाला वाली | तराईमा ५ कट्ठा, पहाडमा २ रोपनी, प्लाष्टिक हाउस (१००० बर्ग फिट) | |
| ३ | च्याउ | १० वटा टनेल (५०० बर्ग फिट) | |
| ४ | अलैंची, अदुवा | ५ रोपनि | |
| ५ | आंप, ओखर, कटहर, अनार | ५० बोट | |
| ६ | लिचि | ७५ बोट | |
| ७ | अम्वा, सुन्तला, जुनार, स्याउ, नास्पाती, आरुवखडा | १०० बोट | |
| ८ | स्ट्रबेरी | २ रोपनि | |
| ९ | किंबी, कफि | ५ रोपनि | |
| १० | केरा | ७ कट्ठा | |
| ११ | चिया | ५ रोपनि | |
| १२ | ऊखु | १० कट्ठा | |
| १३ | मौरीपालन | ५० घार/गोला भएको । | |
| १४ | माछापालन | तराईमा कम्तीमा ५ कट्ठा र पहाडमा ३ रोपनि | |
| १५ | भेडा बाखा | भेडा : तराई ५० माउ, पहाड १०० माउ, बाखा ५० माउ | |
| १६ | बंगुर सुगुर | २० माउ | |
| १७ | गाई भैंसी | गाई १० माउ, भैंसी ७ माउ | |
| १८ | कुखुरा | २००० वटा | |
| १९ | हाँस | १००० वटा | |
| २० | घाँस खेती | तराई १० कट्ठा, पहाडमा ५ रोपनी | |
| २१ | खाद्यान्न विऊ बृद्धि | तराई १० कट्ठा, पहाडमा ५ रोपनी | |
| २२ | तरकारी विऊ बृद्धि | तराई ५ कट्ठा, पहाडमा २ रोपनी | |

**नोट :** उपरोक्त बाहेकका कुनै पनि जिल्लाहरुमा कुनै कृषकले कुनै थप नयां उत्कृष्ट व्यवसाय (कृषि तथा पशु पंक्षि पालनमा) गरेको रहेछ भने केही आधारहरु तय गर्नु पर्ने अबस्था आएमा जिल्ला कृषि विकास समन्वय समितिको बैठकबाट निर्धारण गर्न सकिने छ र सो को पुष्टयांई संलग्न राखी पठाउनु पर्नेछ ।

अनुसूची २

**राष्ट्रपति उत्कृष्ट कृषक पुरस्कार कार्यक्रममा भाग लिने कृषकले पेश गर्नुपर्ने निवेदनको ढाँचा**

मिति :

श्रीमान् प्रमुखज्यू

कृषि ज्ञान केन्द्र / भेटेरीनरी अस्पताल तथा पशु सेवा बिज्ञ केन्द्र

........................................

**बिषयः राष्ट्रपति उत्कृष्ट कृषक पुरस्कार कार्यक्रममा सहभागी गराई पाऊँ ।**

श्री कृषि तथा पशुपन्छी विकास मन्त्रालयको मिति............................ .को सार्वजनिक सुचना अनुसारको राष्ट्रपति उत्कृष्ट कृषक पुरस्कार प्रतियोगितामा मलाई सहभागी हुन इच्छा भएकोले मेरो विवरण सहितको निवेदन फारम दर्ता गरी दिनुहुन अनुरोध गर्दछु । यसमा मैले पेश गरेको संलग्न बिवरण ठीक छ, झुट्टा ठहरिए कानुन बमोजिम सहुला बुझाउला ।

निवेदक

नाम :

दस्तखत :

ठेगाना :

मोवाईल नं.

## अनुसूची ३

## राष्ट्रपती उत्कृष्ट कृषक पुरस्कारको लागि कृषकले पेश गर्नुपर्ने निवेदन फारम (नमूना)

**१. कार्यक्रममा सहभागी हुने कृषकको नामः**

**२. जन्म स्थान र जन्म मिति :**

**३. सहभागीको स्थायी ठेगानाः**

**४. पत्राचारको ठेगानाः**

**५. श्रोत साधनको विवरण**

पासपोर्ट साईजको
फोटो
अनिवार्य

| क.सं. | विवरण | इकाई | परिमाण |
|---|---|---|---|
| **१.** | **कृषकसंग भएको श्रोत साधन** | | |
| क) | कुल जग्गाको क्षेत्रफल (ठेक्का लिएको जग्गा समेत) | | |
| ख) | कुल खेती गरिएको क्षेत्रफल | | |
| ग) | पशुपालनको लागि प्रयोग गरेको जग्गाको क्षेत्रफल | | |
| घ) | सिंचित जग्गाको क्षेत्रफल | | |
| **२.** | **सिंचाईको श्रोत** | | |
| क) | कूलो | | |
| ख) | वोरिङ्ग | | |
| ग) | इनार | | |
| घ) | कृषि यन्त्र उपकरणहरुको विवरण तथा अवस्था | | |

**६. खेती गरिएको वालीको क्षेत्रफल तथा उत्पादन विवरण**

| क.सं. | विवरण | इकाई | परिमाण | उत्पादन |
|---|---|---|---|---|
| **क.** | **खाद्यान्नवाली** | | | |
| १ | धान | | | |
| २ | गहुँ | | | |
| ३ | मकै | | | |
| ४ | कोदो | | | |
| ५ | जौ | | | |
| ६ | फाफर | | | |
| ७ | आलु | | | |
| ८ | खाद्यान्न विऊ बृद्धि | | | |
| **ख.** | **दालवाली** | | | |
| **ग.** | **तेलवाली** | | | |

| क.सं. | विवरण | इकाई | परिमाण | उत्पादन |
|---|---|---|---|---|
| १ | रायो, तोरी, सर्स्यू | | | |
| २ | तील, आलस | | | |
| ३ | सूर्यमुखी | | | |
| **घ.** | **तरकारीवाली** | | | |
| १ | बर्षे तरकारी | | | |
| २ | हिउँदे तरकारी | | | |
| ३ | वेमौसमी तरकारी | | | |
| ४ | तरकारी विऊ बृद्धि | | | |
| **ङ** | आलु | | | |
| **च** | **मसलाबाली** | | | |
| १ | प्याज, लसुन, खुर्सानी | | | |
| २ | अदुवा, वेसार | | | |
| **छ.** | अलैंची | | | |
| **ज** | ऊखु | | | |
| **झ** | चिया, कफी | | | |
| **ञ** | **फलफूलवाली** | | | |
| १ | स्याउ | | | |
| २ | सुन्तलाजात | | | |
| ३ | आँप, लिची | | | |
| ३ | केरा | | | |
| **ट** | **घाँस खेती** | | | |
| १ | बर्षे घाँस | | | |
| २ | हिउँदे घाँस | | | |
| ३ | डाले घाँस | | | |
| **ठ** | मौरी पालन | | | |
| **ड** | रेशम खेती | | | |
| **ढ** | अन्य (स्थान विशेष वाली | | | |
| **ण** | माछा पालन | | | |
| **त** | वीउ उत्पादन (कुनै वाली वा पशु विशेषको भएमा) | | | |
| **थ** | नर्सरी | | | |
| **द** | श्रोत केन्द्र (कुनै वाली वा पशु विशेषको श्रोत केन्द्र भएमा) | | | |

### ७. पशु पन्छीपालन तथा उत्पादन विवरण

| क्र.सं. | विवरण | इकाई | परिमाण/उत्पादन |
|---|---|---|---|
| १ | पशु पन्छी | | |
| २ | ठूला पशु संख्या (गाई, गोरु, भैंसी, राँगो,याक आदि) | | |
| ३ | साना पशु संख्या (वाखा, भेडा, वंगुर) | | |
| ४ | प्रजजनको लागि पालिएको पशुको विवरण | | |
| ५ | हाँस, कुखुरा पालन | | |
| ६ | दूध उत्पादन | | |
| ७ | मासु उत्पादन | | |
| ८ | अण्डा उत्पादन | | |
| ९ | उन उत्पादन | | |

### ८. सेवा तथा संस्थागत पहुँच सम्बन्धी विवरण

| क्र.सं. | सेवा तथा संस्थागत पहुँच | अति उत्तम | उत्तम | सामान्य | नभएको |
|---|---|---|---|---|---|
| १ | विकास कार्यालयसंग सम्पर्क/समनवय स्थिती | | | | |
| २ | कृषि ऋण श्रोत एवं पहुँच | | | | |
| ३ | वाली तथा पशुधन बीमा कार्यक्रममा पहुँच | | | | |
| ४ | कार्यक्रम/आयोजनाबाट परियोजना प्राप्ति | | | | |
| ५ | प्राविधिकसँगको सर्म्पक स्थिती | | | | |

### ९. कृषि पेशमा संलग्न कामदारहरुको विवरण

| क्र.सं. | कामको किसिम | संख्या | घरेलु कामदार | ज्यामी कामदार |
|---|---|---|---|---|
| १ | खेती कार्यमा | | | |
| २ | पशुपालन कार्यमा | | | |
| ३ | पन्छी पालन कार्यमा | | | |
| ४ | प्रशोधन तथा बजारीकारण कार्यमा | | | |

**१०. कृषि व्यवसायमा लगानी स्थिती**

| क.सं. | सेवा तथा संस्थागत पहुँच | रकम रु. | कैफियत |
|---|---|---|---|
| | जम्मा खेती खर्च | | |
| | जम्मा पशु पालन खर्च | | |
| | जम्मा पन्छी पालन खर्च | | |
| | जम्मा कृषि औजार उपकारण खरिद खर्च | | |
| | अन्य खर्च | | |
| | कुल जम्मा खर्च | | |

**११. कृषि व्यवसायमा भएको लगानीको श्रोतः**

| क.सं. | लगानीको श्रोत | रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | कृषि विकास बैंकबाट लिएको ऋण रकम | | |
| २ | अन्य बैंक तथा वित्तीय संस्थाबाट लिएको ऋण रकम | | |
| ३ | समूह/सहकारीबाट लिएको ऋण रकम | | |
| ४ | साहुबाट लिएको ऋण रकम | | |
| ५ | छिमेकीबाट लिएको ऋण रकम | | |
| ६ | आफनै आम्दानीबाट व्यर्होरिको रकम | | |
| | जम्मा | | |

**१२. कृषि पेशबाट बार्षिक पारिवारिक आम्दानी स्थिती**

| क.सं. | सेवा तथा संस्थागत पहुँच | रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | खेती कार्यबाट | | |
| २ | पशु पालनबाट | | |
| ३ | पन्छी पालनबाट | | |
| ४ | कृषि उपजको बजारीकरणबाट | | |
| ५ | कृषि पेश अन्तर्गत पर्ने अन्य कुनै माध्यमबाट | | |
| | कुल जम्मा अम्दानी | | |

.

१३. निम्न विषयमा सहभागी कृषक दक्षताः

| क्र.सं. | दक्षताको क्षेत्र | स्थिती |
|---|---|---|
| १ | प्रविधि उपयोग तथा अनुसरण (भएको/नभएको) | |
| २ | श्रोत साधनको अधिकतम सदुपयोग (गरेको/नगरेको) | |
| ३ | प्रविधि विस्तारमा योग्दान (भएको/नभएको) | |
| ४ | रोग किरा नियन्त्रण प्रविधिको उपयोग (भएको/नभएको) | |
| ५ | भकारो एवं गोठ सुधार (गरेको/नगरेको) | |
| ६ | उत्पादन लागत तथा प्रतिफल सम्बन्धी रेकर्ड व्यवस्थापन (गरेको/नगरेको) | |
| ७ | कुनै किसिमको पुरस्कार एवं प्रशन्सा पत्र पाएको (पाएको/नपाएको) | |
| ८ | समूह, समिति, सहकारीका सदस्य (भएको/नभएको) | |
| ९ | स्थानीय स्तरमा आफ्नो अनुभवको आदन प्रदान (गरेको/नगरेको) | |

१४. नयाँ कृषि प्रविधिको विकास

१५. खेती प्रणालीमा अपनाईएको नयाँ प्रविधिहरुको विवरण

१६. कृषि व्यवसाय एवं प्रविधिहरुको विस्तृतीकरण (कुनै भएमा)

१७. कृषि व्यवसाय प्रवर्द्धनका भावी योजना (कुनै भएमा)

१८. कृषकको सफलताको कथा (बढीमा १०० शब्दमा नबढने गरी)

## अनुसुची ४

### उत्कृष्ट कृषक पुरस्कारको लागि कृषकले पेश गरेको निवेदनफारमको मूल्याङ्कनका आधारहरुः

| **क.सं.** | निवेदनफारम **मूल्याङ्कन मापदण्ड** | **पूर्णाङ्क अंक** | **प्राप्ताङ्क अंक** |
|---|---|---|---|
| १. | श्रोत साधनको स्थिती एवं सदुपयोग | १० | |
| २. | स्थानीय समुदायमा कार्य अनुभवको आदन प्रदान एवं योगदान | १० | |
| ३. | उत्पादन स्थिती\उत्पादकत्व | १० | |
| ४. | सेवा तथा संस्थागत पहुँच | ५ | |
| ५. | रोजगरी सिर्जनाको स्थिती | १५ | |
| ६. | कृषि व्यवसायमा गरेको आर्थिक लागनीको स्थिती | ५ | |
| ७. | कृषि व्यवासयबाट प्राप्त आम्दानी एवं प्रतिफल स्थिती | १० | |
| ८. | विकास कार्यालय र प्राविधिकसँगको सर्म्पक स्थिती | ५ | |
| ९. | प्राविधिक ज्ञान सीप बारे जानकरी एवं प्रयोग स्थिती | १० | |
| १०. | कृषि व्यवासको दिगोपना स्थिती | १० | |
| ११. | सिर्जनात्मक कार्य गरेको | १० | |